# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेड्क्रसग्राम ,चितवन
## बागमती प्रदेश, नेपाल
## छपाइ तथा स्टेशनरीका सामान खरिद संबन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना
**सूचना** प्रकाशित मिति: २०७७/१२/२०

१. यस कार्यालयबाट **छपाइ तथा स्टेशनरीका** सामानहरु सिलबन्दी **दरभाउपत्र** द्वारा खरिद गर्नु परेकोले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन कार्यालय समय भित्र **दरभाउपत्र** फारम दस्तुर रु.१०००। अक्षरेपी रु. एक हजार मात्र (पछि फिर्ता नहुने) तिरी चालु आ.ब.को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता तथा मु.अ.कर दर्ता प्रमाणपत्र, **र** कर चुक्ता प्रमाणपत्र**को** प्रतिलिपी संलग्न गरी रु.१०।- को टिकट टाँसी **दरभाउपत्र** फाराम खरिद गर्न इच्छुक सप्लायर्स वा फर्मले कालिका नगरपालिकाको कार्यालय, रेडक्रसग्राम चितवनमा निबेदन पेश गरी दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२. **दरभाउपत्र** पेश गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको, एउटाको नाममा खरिद गरी अर्कै नाममा दर्ता गरेको र कुनै पनि शर्त राखी पेश भएको **दरभाउपत्र** मान्य हुने छैन ।

३. **सूचना** प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनको १२:०० बजे **सम्म** आफैंले खरिद गरेको **दरभाउपत्र** रीतपूर्वक भरी सिलबन्दी गरी यस कार्यालयमा दर्ता गराइसक्नु पर्नेछ। दर्ता भएका **दरभाउपत्र** हरु सोही दिनको २:०० बजे **दरभाउपत्र** दाता वा निजको प्रतिनिधिको रोवहरमा यस कार्यालयमा खोलिनेछन् । **दरभाउपत्र** दाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि **दरभाउपत्र** खोल्न बाधा पर्नेछैन । **दरभाउपत्र** बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

४. **दरभाउपत्र** दर्ता गर्दा सूचनामा तोकिए अनुसारको जमानत वापतको रकम दाखिला गरेको सक्कलै भौचर कालिका नगरपालिकाको कार्यालय, रेडक्रसग्राम चितवनको ग्लोबल आइ.एम.इ बैंकको धरौटी खाता नं. ५०४०१००००००४ मा जम्मा गरेको सक्कलै भौचर वा क बर्गको बैंकबाट जारी भएको र **दरभाउपत्र** खुल्ने मितिबाट ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी (Bid Bond) **दरभाउपत्र** साथ पेश गर्नुपर्नेछ। विदेशी बैंकको Bank Guarantee भएमा नेपाली बैंकबाट Endorse भएको हुनु पर्नेछ । स्वीकृत **दरभाउपत्र** दाताले स्वीकृत **लागत अनुमानको** ३% ले हुने रकम **रु** छपाइ तर्फको लागी रु. २३०००/- र स्टेशनरी तर्फको लागी रु. २९०००/- माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा सोही अनुसार यस कार्यालयको नाममा जारी भएको परफरमेन्स वण्ड संम्फौता गर्नु अगावै पेश गर्नु पर्नेछ । नगद धरौटी राखिएकोमा परफरमेन्स वण्डमा परिवर्तन गर्न पाइने छैन ।

५. **दरभाउपत्र** दाताले **दरभाउपत्र** को **संपूर्ण** आइटम वाइज बिडिङ्ग गर्नु पर्नेछ । **संपूर्ण** आइटम वाइज बिडिङ्ग **नभएको दरभाउपत्र मान्यहुने छैन ।** संम्फौता हुदा **सामानको** परिमाणमा थपघट हुन सक्नेछ । साथै **दरभाउपत्र** पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. कार्यालय हाता सम्म सामान ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु **दरभाउपत्र** दाताले नै ब्यहोर्नु पर्नेछ ।

८. सार्बजनिक खरिद नियमावली २०६४ को नियम ४०(ङ) अनुसार **दरभाउपत्र** दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्ताबित खरिद कार्यमा आफ्नो स्वार्थ नवाझिएको र ब्यबसाय संबन्धी कसुरमा सजाय नपाएको भनि लिखित घोषणा भएको कागजात **दरभाउपत्र** साथ पेश गर्नु पर्नेछ ।

९. एक आपसमा मिलेमतो गरी **दरभाउपत्र** दाखिला गरेको पाईएमा त्यस्ता **दरभाउपत्र** स्विकृत गरीने छैन ।

१०. **दरभाउपत्र** फारममा रकम उल्लेख गर्दा अंक र अक्षर दुबैमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईनेछ ।

११. **दरभाउपत्र** को प्रत्येक पानामा **दरभाउपत्र** दाताको आधिकारिक ब्यक्तिको सही र छाप अनिवार्य रुपमा लागेको हुनु पर्नेछ । साथै **दरभाउपत्र** दाताले पेश गर्ने संपूर्ण प्रमाणपत्रहरु नविकरण भएको हुनुपर्ने र नोटरी पब्लिकबाट अनिवार्य रुपमा प्रमाणित गराई पेश गर्नु पर्नेछ ।

१२. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३(संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ । बिस्तृत जानकारीको लागी कालिका नगरपालिकाको कार्यालय, रेडक्रसग्राम चितवनमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**तपसिल**

| सि.नं | सूचना नं | बिबरण | लागत अनुमान मू.अ.कर बाहेकको | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | 01/Goods/NCB/KM/077/78 | क) छपाइ सामानहरु<br>ख) स्टेशनरीका सामानहरु | ७६५५६३/-<br>९६५८४९/- | २३०००/-<br>२९०००/- | |